आज मिति २०८१/०८/२४ गते सोमबारका दिन यस हिलिहाङ गाउँ कार्यपालिकाको कार्यालय, पञ्चमी पाँचथरका अध्यक्ष श्री समर बहादुर अधिकारीज्यूको अध्यक्षतामा तपसिल बमोजिमका कार्यपालिका सदस्यहरुको उपस्थितिमा आ.व २०८१/०८२ को चौथो गाउँ कार्यपालिका बैठकद्वारा तल उल्लेखित प्रस्तावहरू माथि छलफल गरी देहायनुसारका निर्णयहरू पारित गरियो।

**<u>उपस्थिति :</u>**

१. अध्यक्ष : श्री समर बहादुर अधिकारी……………………………………......................................

२. उपाध्यक्ष : श्री सुमित्रा उप्रेती सेडाई ……………………………….............................................

३. वडा अध्यक्ष : श्री सन्तोष लिङदेन ……………………………….............................................

४. वडा अध्यक्ष : श्री भिम प्रसाद हेम्व्या …………………………………......................................

५. वडा अध्यक्ष : श्री बिरेन्द्र कुमार योङहाङ ......……………………………...................................

६. वडा अध्यक्ष : श्री धनपति गिरी……….………………...............................................................

७. वडा अध्यक्ष : श्री बिर्ख बहादुर सुहाङ……………………………………………......................

८. वडा अध्यक्ष : श्री गणेश प्रसाद योङहाङ ………………………………………......................

९. वडा अध्यक्ष : श्री धनकुमार लिम्बु……………………………………….....................................

१०.कार्यपालिका सदस्य श्री सुष्मा लावती ..…………………………………...................................

११. कार्यपालिका सदस्य श्री बिष्णु कुमारी भट्टराई...……………………………..................................

१२. कार्यपालिका सदस्य श्री बिरेन्द्र मंग्राती……………………………..........................................

१३. कार्यपालिका सदस्य श्री पुण्यप्रसाद राई…………………….…………………......................

१४. कार्यपालिका सदस्य श्री निम्की भोटेनी भोटिया ..…………………………..….........................

१५. कार्यपालिका सदस्य श्री गंगामाया विश्वकर्मा...........................................................................

१६. **सदस्य-सचिव** श्री टोपेन्द्र कुमार लिम्बु ……………………**..**…………………....................

१७. लेखा अधिकृत श्री इश्वरी प्रसाद पाण्डे…………..………………………………………

१८. कम्प्युटर अपरेटर श्री लक्ष्मी चुहान……………………..………………………………….

१९. कार्यालय सहयोगी श्री दिपेन्द्र योक्पाङ्देन...........................................................................

२०.कार्यालय सहयोगी श्री बजिन्द्र कुमार पुरी...........................................................................

**प्रस्तावहरु:-**

१. हालसम्म प्राप्त विभिन्न परिपत्र, निर्देशन, आदेश तथा मागपत्रहरुको जानकारी सम्बन्धमा।
२. प्रथम चौमासिक आम्दानी तथा खर्च प्रगति विवरण सम्बन्धमा।
३. स्थगित बार्षिक समिक्षा, सार्वजनिक सुनुवाई तथा प्रथम चौमासिक समिक्षा, सार्वजनिक सुनुवाई सम्बन्धमा।
४. प्रधानमन्त्री रोजगार कार्यक्रमको लागि योजना तथा श्रमिक छनौट गर्ने सम्बन्धमा।
५. प्रधानमन्त्री तथा मन्त्रिपरिषदको निर्णय कार्यान्वयनको लागि प्रतिवद्धता सम्बन्धमा।
६. सडक वोर्डबाट विनियोजित रकम कार्यान्वयको लागि योजना छनौट तथा समपुरक कोषको व्यवस्थापन सम्बन्धमा।
७. फिदिम नगरपालिकाबाट कार्यान्वयन हुने गरी अन्तर सरकारी वित्तिय हस्तान्तरण सम्बन्धमा।
८. आर्थिक सहायता सम्बन्धमा।
९. प्राकृतिक विपत्तीबाट खानेपानीको लागि समस्या भएको क्षेत्रमा पाइप खरिद सम्बन्धमा।
१०. राजश्व परामर्श समितिको निर्णय अनुमोदन सम्बन्धमा।
११. विविध।

**निर्णय नं. - १**

संघ, प्रदेश तथा जिल्लाका विभिन्न मन्त्रालय, विभाग तथा अन्य कार्यालयहरुबाट यस कार्यालयलाई हाल सम्म प्राप्त भएका निर्देशन, परिपत्र तथा माग पत्रहरु यस कार्यापालिका बैठकमा प्रमुख प्रशासकीय अधिकृत द्धारा वाचन गरी अध्यक्ष, उपाध्यक्ष, वडाअध्यक्ष तथा कार्यपालिका सदस्यहरुलाई जानकारी गराईयो । उक्त विविध जानकारी, परिपत्र तथा निर्देशनहरु यसै कार्यपालिका बैठकको माध्यमबाट सम्बन्धित सरोकारवालाहरु सम्म पुर्याईने तथा आवश्यक कार्यान्वयन गर्ने/गराउने निर्णय समेत गरियो ।

**तपसिलः**

| क्र.सं. | च.नं. | मिति | पत्राचार गर्ने निकाय | विषय | कैफियत |
|---|---|---|---|---|---|
| १. | ९८ | २०८१-०६-१४ | श्री सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय (सुशासन प्रवर्द्धन शाखा) | सुझाव कार्यान्वयन सम्बन्धमा । | |
| २. | १२० | २०८१-०६-१५ | श्री सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय(स्था.त.स.शा) | कार्यनीतिको दफा ३ को उपदफा ६ सम्बन्धमा । | |
| ३. | १०१ | २०८१-०६-१८ | श्री सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय (सुशासन प्रवर्द्धन शाखा) | आवश्यक कारवाही सम्बन्धमा । | |
| ४. | ५८ | २०८१-०६-२९ | श्री सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय (वातावरण तथा विपद् व्य. शाखा) | मन्त्रिपरिषद्को निर्णय कार्यान्वयन सम्बन्धमा । | |
| ५. | ६६ | २०८१-०७-०८ | श्री सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय (वातावरण तथा विपद् व्य. शाखा) | निर्णय कार्यान्वयन सम्बन्धमा । | |
| ६. | ११२ | २०८१-०७-०८ | श्री सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय (सुशासन प्रवर्द्धन शाखा) | सार्वजनिक सुनुवाई सम्बन्धमा । | |
| ७. | ११३ | २०८१-०७-०८ | श्री सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय (सुशासन प्रवर्द्धन शाखा) | सुझाव कार्यान्वयन सम्बन्धमा । | |

**निर्णय नं. - २**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७६ को उपदफा ३ प्रयोजनका लागि यस गाउँपालिकाको संचित कोषबाट खर्च भएको रकमको दोस्रो चौमासिक प्रगति विवरण देहायअनुसार रहेको छ । साथै प्राप्त विवरण उपर छलफल तथा समिक्षा गरी आगामी दिनमा थप प्रभावकारी बनाउँदै लैजाने निर्णय गरियो ।

**निर्णय नं. - ३**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ उपदफा ५ बमोजिम यस हिलिहाङ गाउँपालिका गाउँ कार्यपालिकाद्धारा आ.ब. २०८०।८१ मा बार्षिक स्वीकृत बजेट तथा कार्यक्रम बमोजिम सम्पन्न भएका योजना तथा कार्यक्रमहरु तथा आ.ब २०८१।०८२ मा बार्षिक स्वीकृत बजेट तथा कार्यक्रम बमोजिम प्रथम चौमासिक समयावधिमा सम्पन्न योजना तथा कार्यक्रमहरुको सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ को दफा ३० तथा नियमावली, २०६५ को नियम १९ बमोजिम आम नागरिक, सर्वसाधारण तथा सरोकारवालाको जानकारीको लागि मिति २०८१।०९।०५ गते शुक्रबार गाउँ कार्यपालिकाको सभाहलमा बिहान ११ बजे वार्षिक सार्वजनिक सुनुवाई कार्यक्रम गर्ने निर्णय गरियो।

**निर्णय नं. - ४**

गाउँपालिकाको स्विकृत बार्षिक कार्यक्रम अनुसार रोजगार सेवा केन्द्रमा सूचिकृत बेरोजगार व्यक्तिहरुलाई १०० दिन बराबरको रोजगारीमा सँलग्न गराउन प्रधानमन्त्री रोजगार कार्यक्रम तथा युवा रुपान्तरण पहल आयोजना (युवारुप) द्वारा सञ्चालन गरिने प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका २०७५ को दफा ७० ले निर्देशन गरेका विषय क्षेत्रबाटनै श्रम योग्य पारिश्रमिकमा आधारित योजनाहरु छनौट भई तपशिल बमोजिमका योजना र श्रमिकहरु छनौट गर्ने निर्णय पारित गरियो।

| क्र.स. | आयोजनाको नाम | वडा नं. | श्रमिक संख्या | जम्मा श्रमिक | बजेट श्रोत |
|---|---|---|---|---|---|
| १ | फेदापा- आमचोक हुदै अमरपुर डाँडाबजारबाट कुवापानी गोरेटोबाटो मर्मत | १ | ५ | १० | |
| २ | बाङ्गीबोटे नवमी बजार हुदै अमरपुर मा.वि. बाट आम्बोटे ठाडेचौर गोरेटोबाटो मर्मत | १ | ५ | | |
| ३ | कोलडाँडा फलाँटे माझीधारा मोटर बाटो मर्मत तथा स्तर बृद्धि | २ | ५ | ११ | |
| ४ | हिलिहाङ २ नं. वडा कार्यालय परिसर ठेसवाल निर्माण | २ | ६ | | |
| ५ | जोरच्यान सिमलबोटे मोटरबाटो मर्मत | ३ | ५ | १० | |
| ६ | भाविचोक खानी मोटरबाटो मर्मत | ३ | ५ | | |
| ७ | ज्यामिरे डुडेखोला कटुसे गोलाई हुदै हिलिहाङ दरबार जाने गोरेटोबाटो स्तरोन्नती | ४ | ५ | १० | |
| ८ | इन्द्रबेले सिरिङगे कात्तिके हुदै शिद्ध मा.वि. जाने गोरेटोबाटो स्तरउन्नती | ४ | ५ | | |
| ९ | देविथान चिहान डाँडा निलगीरि गोरेटो बाटो मर्मत | ५ | ६ | ११ | |
| १० | गुरुङछाप- पलामचोक- भालुखोप- सुम्लिबुङ सडक मर्मत | ५ | ५ | | |
| ११ | नेवार गाउँ, मानेडाँडा स्कूल हुदै ढकालगाउँ गोरेटोबाटो निर्माण तथा मोटरबाटो सोलिङ | ६ | ५ | | |

| | | | | | |
|---|---|---|---|---|---|
| १२ | अखौंले, केराबारी, थलाजुङ मोटरबाटो सोलिङ र फाल्गुनीडाँडा माङहिम जाने गोरेटोबाटो निर्माण | ६ | ६ | ११ | |
| १३ | घैयाटार जोरआल तम्फुवा अग्नि रेखा निर्माण हिलिहाङ- ७ | ७ | ११ | ११ | |
| | **जम्मा** | | | **७४** | |

**निर्णय नं. - ५**

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, वातावरण तथा विपद् समन्वय शाखा को प सं २०८१।०८२, च नं ५८ र मिति २०८१।०६।२९ गतेको पत्रानुसार प्रधानमन्त्री तथा मन्त्रिपरिषदको मिति २०८१।०६।२१ गतेको निर्णय अनुसार सडक निर्माण खानी उत्खनन् एवं विकास निर्माणका कार्य गर्दा गराउँदा वातावरणीय पक्षलाई ध्यानमा राखी प्राविधिक निरीक्षण एवं भौगर्भिक अवस्था समेतको एकीन गरी योजना, कार्यक्रम तथा परियोजनाहरु तर्जुमा, कार्यान्वयन र व्यवस्थापन गर्ने प्रतिवद्धता गर्ने ।

**निर्णय नं. - ६**

सडक बोर्ड नेपाल, मिनभवन काठमाडौंको प. सं २०८१/०८२, च नं ४३९ र मिति २०८१।०६।१३ गतेको पत्रानुसार यस आर्थिक वर्षमा स्थानीय सडक मर्मत संभार कार्यको लागि सडक बोर्ड नेपालद्वारा यस पालिकामा रु. ११,००,०००/- (अक्षेरेपी एघार लाख रुपैया) स्वीकृत गरी पठाइएको छ । स्वीकृत बजेट कार्यान्वयनलाई प्रभावकारी बनाउन सडक बोर्ड नियमावली, २०६० को परिच्छेद ३ नियम ९ तथा सडक मर्मत संभार कार्यक्रम कार्यान्वयन मार्गदर्शन बमोजिम व्यहोर्नु पर्ने २०% समपूरक रकम समपूरक कोष अन्य प्रयोजन शिर्षकबाट रु २७५०००।०० (दुई लाख पचहत्तर हजार मात्र) खर्च हुने गरी देहाय बमोजिमको सडकहरूलाई मर्मत संभारको लागि सिफारिस गर्ने सर्वसम्मत निर्णय गरियो ।
देहायः-

क. सल्लेरी सुभाङ साम्रे पञ्चमी अमरपुर मोटरबाटो

**निर्णय नं. - ७**

उपर्युक्त प्रस्ताव माथि आगामी वैठकमा वृहत छलफल तथा अध्ययन गरी ऐन कानूनको परिधिभित्र रही तथा संघीय सरकारको निर्देशन विपरित नहुने गरी निर्णय गर्ने ।

**निर्णय नं. - ८**

"हिलिहाङ गाउँपालिका आर्थिक सहायता सम्बन्धी कार्यविधि, २०७९" बमोजिम विभिन्न मितिमा प्राप्त भएको निवेदन तथा वडाको सिफारिस उपर छलफल गरी विपन्न परिवारलाई अन्य आर्थिक सहायता शिर्षकबाट भुक्तानी दिन प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने ।

**निर्णय नं. - ९**

मिति २०८१ असोज १०, ११ र १२ गतेको अविरल बर्षाको कारण गएको पहिरोले तपशिलका खानेपानी आयोजनाहरुको पाईप नष्ट भएको हुदाँ प्राविधिक लागत अनुमानका आधारमा लागत बमोजिमको रकम भुक्तानी प्रकोप व्यवस्थापन कोषबाट भुक्तानी गर्न प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने निर्णय गरियो ।

**तपसिलः**

| | | |
|---|---|---|
| १. | माझिटार खानेपानी आयोजना, हिलिहाङ-७ | रु. २,२१,९५०.०८ |
| २. | महादेव थान सुम्लिबुङ खानेपानी योजना, हिलिहाङ -५ | रु. १७,५१३.०० |
| ३. | दुङवाली बी खानेपानी मर्मतको पाईप खरीद, हिलिहाङ -५ | रु. ५०,४०७.५० |
| ४. | कर्कले हेवाखोला खानेपानी पाईप खरीद, हिलिहाङ-७ | रु. २३,३९१.०० |

**निर्णय नं. - १०**

यस गाउँपालिकाको खोला क्षेत्रबाट नदीजन्य ढुङ्गा, गिट्टी र बालुवा उत्खनन् गर्ने कार्य प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन बमोजिम वार्षिक रूपमा संकलन जम्मा २७,२९२ घ.मि. कुल जम्मा हुने रकम रु. ६७,४१,४५५/- (अक्षेरेपी सतसठ्ठी लाख एकचालिस हजार चार सय पचहत्तर रुपैयाँ) हुन आउने रकम बराबरको आवश्यक ठेक्का प्रक्रिया दुई वटा खण्डमा विभाजन गरी पहिलो पटक प्रकाशित मिति २०८१/०५/१७ गते र दोस्रो पटक प्रकाशित मिति २०८१/०७/१३ मा ठेक्का आह्वान गर्दा पनि कुनै फर्म कम्पनी वा ठेकेदारले बोलपत्र पेश नगरेको हुँदा ढुंगा गिट्टी बालुवाको उत्खनन् तथा बिक्री वितरण कार्य अमानतबाट गर्नुपर्ने भएको हुँदा कोशी प्रदेश सरकारको आर्थिक ऐन २०८० बमोजिम भ्याट बाहेक प्रति क्यू फिट रु. ७/- (अक्षेरेपी सात रूपैयाँ)का दरले ट्याक्टर, ट्रिपर र १० चक्के ट्रिपरको क्षमताका आधारमा राजस्व असुल गरी नदीजन्य पदार्थ संकलन गर्नुपर्ने भएकोले गाउँपालिकाको तोकिएको स्थानबाट मात्र गाउँपालिकाबाट खटाइएका कर्मचारी वा वडाले सिफारिस गरेको स्थानीय व्यक्तिबाट देहायको रकमको रसिद कटाई/लिई नदी तथा खोलामा जाने र ढुङ्गा गिट्टी बालुवाको बिक्री वितरण गर्ने देहाय बमोजिम राजस्व संकलन गर्ने र सो वापत राजस्व संकलनकर्तालाई प्रति ट्रिप रु. १००/- □□□ □□□□□□□□□□□ □□□ □□□□□□ निर्णय गरियो ।

**देहायः**

| सि.नं. | सवारी साधनको नाम | क्षमता क्यूविक फिट | राजस्व रकम भ्याट सहित | कैफियत |
|---|---|---|---|---|
| १. | ट्र्याक्टर | ८८.२० क्यू फिट | ६७८/- | २.५ घन मिटर |
| २. | ट्रिपर ६ चक्के | २६४.६ क्यू फिट | २०९३/- | ७.५ घन मिटर |
| ३. | ट्रिपर १० चक्के | ४४१ क्यू फिट | ३४८९/- | १२.५ घन मिटर |

**निर्णय नं. -११.**

**विविध**

क. हिलिहाङ गाउँपालिका, वडा नं. २ लिम्बुनी पुल स्थित पाँचथर ताप्लेजुङ जोड्ने झोलुङ्गेपुलको पाँचथर खड्को पुलको जिप आसपासमा बर्षातको कारण पहिरो गई मानव आवतजावतमा गर्ने बाटो पुर्णरुपमा क्षति भएकोले मानव आवतजावत समेत पर्णरूपमा समस्या भएकोले मानव आवतजावतको लागि सहजता तुल्याउन उक्त बाटो सरसफाइ तथा पुन:निर्माणको लागि प्राविधिक प्रतिवेदनका आधारमा रु.२५,५१५।६९ रकम प्रकोप व्यवस्थापन कोषबाट भुक्तानी दिन प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने ।